बैठक नं. ३ गाउँसभाको चौधौं अधिवेशन /२०८०-०३-१३ गते

## कञ्चन गाउँपालिकाको गाउँसभाको १४ औं अधिवेशन अन्तर्गत मिति २०८० आषाढ १३ गते बसेको बैठकको निर्णयहरू

प्रस्तावहरू

१. गाउँसभाको १४ औ अधिवेशनको तेस्रो बैठकको शुन्य समय,

२. कञ्चन गाउँपालिकाको लेखा समितिको कार्य सम्पादन कार्यविधि, २०८० माथि छलफल र पारित सम्बन्धमा ।

३. कञ्चन गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि छलफल र पारित सम्बन्धमा,

४. कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८०, आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम र आ.व. २०८०/८१ का लागि संचालन हुने कार्यक्रमहरूको खर्च तथा सेवा सुविधा सम्बन्धी मापदण्ड माथि छलफल र पारित सम्बन्धमा,

५. विविध ।

निर्णयहरू

**१. गाउँसभाको १४ औ अधिवेशनको दोस्रो बैठकको शुन्य समय**

कञ्चन गाउँपालिकाको गाउँसभाको १४ औ अधिवेशनको तेस्रो बैठकको शुन्य समयमा लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभा कार्य सञ्चालन कार्यविधि, २०७६ को दफा २४ उपदफा १ बमोजिम शुन्य समयमा देहाय बमोजिमका सदस्यहरूलें राख्नु भएको जिज्ञासा सम्बन्धमा सोही ऐनको दफा २४ को उपदफा २ बमोजिम सभाध्यक्ष मार्फत ध्यानाकर्षण गराइयो ।

<u>देहाय</u>

बिष्णु थारू

चित्रलाल तुलाचन

मिना बि.क.

**२. कञ्चन गाउँपालिकाको लेखा समितिको कार्य सम्पादन कार्यविधि, २०८० माथि छलफल र पारित सम्बन्धमा**

लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा १८ बमोजिम कार्यपालिका सदस्य श्री हरिनारायण थारूले पेश गर्नु भएको कञ्चन गाउँपालिकाको लेखा समितिको कार्य सम्पादन कार्यविधि, २०८० सभा समक्ष पेश भई संशोधनका लागि कुनै पनि प्रस्ताव प्राप्त नभएको हुँदा प्रस्तुत विधेयकलाई निर्णयार्थ पेश हुँदा सर्वसहमतिले पारित भयो ।

**३. कञ्चन गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि छलफल र पारित सम्बन्धमा**

लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा १८ बमोजिम कार्यपालिका सदस्य श्री चित्रलाल तुलाचनले पेश गर्नु भएको कञ्चन गाउँपालिकाको

भई संशोधनका लागि कुनै पनि प्रस्ताव प्राप्त नभएको हुँदा प्रस्तुत विधेयकलाई निर्णयार्थ पेश हुँदा सर्वसहमतिले पारित भयो ।

४. **कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८०, आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम र आ.व. २०८०/८१ का लागि संचालन हुने कार्यक्रमहरूको खर्च तथा सेवा सुविधा सम्बन्धी मापदण्ड सम्बन्धमा,**

मिति २०८०/०३/१० गते गाउँपालिका उपाध्यक्ष मार्फत सभामा पेश भएका बजेट तथा कार्यक्रम सम्बन्धी छलफल पश्चात उठाउनु भएका जिज्ञासा उपर गाउँपालिका उपाध्यक्ष मौसमी थापा मगरज्यूबाट जवाफ दिने कार्य भई देहायका विधेयकहरू निर्णयार्थ पेश हुँदा देहाय बमोजिम पारित भयो ।

देहाय

क. कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८० (सर्वसहमतिले),

ख. कञ्चन गाउँपालिकाको विनियोजन विधेयक, २०८० (बहुमतले),

ग. कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को अनुमानित आय/व्यय विवरण (शिर्षकगत कार्यक्रम सहित) (बहुमतले)

घ. कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ का लागि संचालन हुने कार्यक्रमहरूको खर्च तथा सेवा सुविधा सम्बन्धी मापदण्ड (सर्वसहमतले)

५. **विविध**

**गाउँसभाको १४ औ अधिवेशनको अर्को बैठक सम्बन्धमा,**

गाउँसभाको १४ औ अधिवेशनको अर्को बैठक अर्को सूचना प्राप्त नहुँदा सम्मका लागि स्थगित भयो ।

नवराज ढकाल
गा.पा. अध्यक्ष